आज मिति २०८० साल फाल्गुन १३ गते पिपरा गाँउपालिकाको अध्यक्ष श्री रामजानकी यादव ज्युको अध्यक्षतामा कार्यपालिका बैठक बसी निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि निर्णय गर्न छलफल गरियो ।

उपस्थिति

| क.स. | पद | नम पर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री रामजानकी यादव | (हस्ताक्षर) |
| २ | उपाध्यक्ष | श्री वन्दना पाण्डेय | |
| ३ | वडा अध्यक्ष (१) | श्री राजेश कुमार दास | (हस्ताक्षर) |
| ४ | वडा अध्यक्ष (२) | श्री संजित कुमार यादव | (हस्ताक्षर) |
| ५ | वडा अध्यक्ष (३) | श्री किशोरी अधिकारी | (हस्ताक्षर) |
| ६ | वडा अध्यक्ष (४) | श्री विदेही पासवान | (हस्ताक्षर) |
| ७ | वडा अध्यक्ष (५) | श्री हरिशंकर प्रसाद यादव | (हस्ताक्षर) |
| ८ | वडा अध्यक्ष (६) | श्री अरुण पुर्वे | (हस्ताक्षर) |
| ९ | वडा अध्यक्ष (७) | श्री मधुवेन्द्र झा | (हस्ताक्षर) |
| १० | कार्यपालिका सदस्य | श्री रिता देवी | |
| ११ | कार्यपालिका सदस्य | श्री रामसखी देवी | |
| १२ | कार्यपालिका सदस्य | श्री लिलम देवी | लिलम |
| १३ | कार्यपालिका सदस्य | श्री शोभा देवी | |
| १४ | कार्यपालिका सदस्य | श्री धिरेन्द्र महतो | धिरेन्द्र |
| १५ | कार्यपालिका सदस्य | श्री राजकिशोर भण्डारी | राजकिशोर भण्डारी |
| १६ | प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य सचिव | श्री सर्वजीत कुमार झा | (हस्ताक्षर) |

कर्मचारी

१ श्री राजिव कुमार झा सूचना प्रविधि अधिकृत (हस्ताक्षर)

Scanned with CamScanner

प्रस्तावहरु :

१ भेरीएशन आदेश समवन्धमा ।

२ सामाजिक सुरक्षा कोषमा आवद्ध हुने सम्वन्धमा।

३ आप्रवासी वजार सम्वन्धमा ।

४ करार कर्मचारी व्यबस्थापन कार्यविधि,२०७९ संसोधन सम्वन्धमा ।

५ स्व-रोजगमार अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि २०८० सम्वन्धमा ।

६ कर्मचारीहरुको पारिश्रमिक सम्वन्धमा ।

७ कानुन तर्जुमा सामिति गठन सम्बन्धमा ।

८ हिउदे अधिवेशन सम्बन्धमा ।

९ अनुगमन समिति सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा सार्वजनिक खरिद ऐनको दफा ५४ २ बमोजिम यस गाउँपालिकाको सर्वोच्च कार्यकारी निकायको रुपमा रहेको गाउँ कार्यपालिकावाट विशेषज्ञहरुको समूह वाट भएको भेरीएशन स्वीकृत गरि भुक्तानी दिने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको रेमी परियोजना अन्तर्गत कार्यरत कर्मचारीहरुका लागि सङ्घीय सरकारवाट योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन रकम छुट्याएको साथै अन्य कर्मचारीहरु लाई पनि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने परियोजन रहेकोले सामाजिक सुरक्षा कोषमा यस पिपरा गाउँपालिका लाई आवद्ध गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा वैदेशिक रोजगारवाट फर्केका व्यक्तिहरुलाई व्यवस्थित गर्न यस गाउँपालिकाले श्रम तथा यतायात मन्त्रालय, मधेश प्रदेश संग समन्वय गरि आप्रवासी वजार निर्माण सम्वन्धी कार्यको लागि सम्वन्धीत मन्त्रालय संग बजेट उपलब्ध गराई दिनुहुनको लागि आवश्यक कागजात सहित सिफारिस गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस पालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि,२०७९ मा सेवा करार कार्यरत कर्मचारीहरुको लागि विदा सम्वन्धी उल्लेख नभएको तर सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारको च.नं. २१७ मिति २०७४/०१/२५ गतेको परिपत्र तथा मंत्रीस्तरीय २०७४/०१/२१ गतेको निर्णय अनुसार कम्तिमा छौ महिना काम गरेमा सालवासीको रुपमा एक महिनाको आधारभूत पारिश्रमिक वरावर चाडपर्व खर्च, सार्वजनिक विदा बाहेक महिनाको एक दिन विदा, क्रिया विदा बढीमा १५ दिन, सुत्केरी विदा ९८ (संशोधित) दिन, सालवासीको रुपमा १ पटक चैत्र महिनामा पोशाक खर्च उपलब्ध गराउने सुविधा थप गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

५. प्रस्ताव ५  माथि छलफल गर्दा यस पालिका अन्तर्गत संचालन हुने स्व-रोजगार अनुदान सहयोग कार्यक्रमको लागि स्व-रोजगार अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि-२०८० पारित गर्ने निर्णय गरियो ।

६प्रस्ताव नं. ६ माथि छलफल गर्दा हाल सम्म कार्यरत रहदै आएको तर तलव सुविधा बाट बंञ्चित रहदै आएको कर्मचारीहरुलाई कार्यपालिका अध्यक्षको टिप्पणी सदरको आधारमा दैनिक ज्यालादारीमा २०८१ असार सम्म तलव खुवाउने निर्णय गरियो ।

७प्रस्ताव नं. ७ माथि छलफल गर्दा तपशिलका पदाधिकरीहरु रहने गरि कानुन तर्जुमा समिति गठन गर्ने निर्णय गरियो र कानुन निर्माण समितिले पेश गरेको मस्यौदा र सुझावलाई मध्यनजर गरि आजको कार्यपालिका वैठकले उक्त ध्वनि प्रदुषण बिधयक जनताको राय सुझाब संकलन गरि सभामा पेश गरे निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| संयोजक | अरुण कुमार पुर्वे |
| सदस्य | शोभा देवी |
| सदस्य | लिलाम देवी |
| सदस्य | राजेश दास |
| सदस्य | धिरेन्द्र महतो |
| सदस्य सचिव | राजिब कुमार झा सू.प्र.अ. |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८०/८१ को हिउदे अधिवेशन मिति २०८०/११/२० आईतवारबाट संचालन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा योजनाहरुको अनुगमन गर्नका निमित तपशिलका पदाधिकारीहरु रहने गरि अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | | | |
|---|---|---|---|
| १ | संयोजक | वन्दना पाण्डेय | उपाध्यक्ष |
| २ | सदस्य | रिता महरा | कार्यपालिका सदस्य |
| ३ | सदस्य | धिरेन्द्र महतो | कार्यपालिका सदस्य |
| ४ | सदस्य | प्र.प्र.अ. | |
| ५ | सदस्य सचिव | योजना शाखा प्रमुख | |

अनुगमन समितिको प्रतिवेदन बहुमत सदस्यको निर्णय मान्य हुने निर्णय गरियो ।

Scanned with CamScanner